संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल फागुन १२ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्नलिखित मा० सदस्यहरुले मकवानपुर जिल्लाको मनहरी गाउँपालिका वडा नं ४ निवासी ६४ बर्षीय राधा अधिकारीको एमगज हात्तीको आक्रमणबाट मृत्यु भएको, ७ दिनदेखि हात्तीले स्थानीय जनताको घर भत्काउने, बाली नोक्सान गर्ने तथा आतंकित बनाउने कार्य गरेको, सरकारी स्तरमा हात्ती नियन्त्रणको काम नभएको, २०७६ सालमा नेपाल सरकार, गृह मन्त्रालयले लागू औषध दुव्यर्सनीमा फसेका युवाहरुमा गरेको सर्वेक्षणले धेरै युवा दुर्व्यसनीमा फसेकोले सो को नियन्त्रणको लागि सरकारले पहल गर्नुपर्ने, बर्षौंदेखि न्यायपालिकाको प्रधान न्यायधीस नभएको, कामु प्रधान न्यायधीसलाई सेवा निवृत्त भएपछि प्रधान न्यायधीस सरह सुविधा दिइएको, न्यायपलिका र प्रशासन बिगार्ने जस्ता गतिविधि हुन नहुने लगायतका विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री महेश कुमार बर्तौला
२. मा० श्री अरुण कुमार चौधरी
३. मा० डा. अमरेश कुमार सिंह

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा भाग लिनुभयो :-

१. मा० डा. तोसिमा कार्की
२. मा० श्री दिपक खड्का
३. मा० श्री दिलेन्द्र प्रसाद बडू
४. मा० श्री दुर्गा राई
५. मा० श्री देव प्रसाद तिमलसेना
६. मा० श्री धनराज गुरुङ
७. मा० श्री नागिना यादव
८. मा० श्री नारायण प्रकाश साउँद
९. मा० श्री नारायणी शर्मा
१०. मा० श्री प्रकाश ज्वाला
११. मा० श्री प्रकाश मान सिंह
१२. मा० डा. प्रकाश शरण महत
१३. मा० श्री प्रतिमा गौतम
१४. मा० श्री प्रदिप पौडेल
१५. मा० श्री प्रदिप यादव
१६. मा० श्री प्रेम बहादुर महर्जन
१७. मा० श्री बासुदेव घिमिरे
१८. मा० श्री बिनिता कठायत

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री सञ्जय कुमार गौतम
२. मा० श्री छविलाल विश्वकर्मा
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री शिव नेपाली
५. मा० श्री बिना लामा
६. मा० श्री रेखा यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री बिनिता कुमारी सिंह
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री लालबीर चौधरी
११. मा० श्री रामहरि खतिवडा
१२. मा० श्री ईश्वर बहादुर रिजाल
१३. मा० श्री माधव सापकोटा
१४. मा० श्री हरि ढकाल
१५. मा० श्री उदय शमशेर जबरा
१६. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१७. मा० श्री मञ्जु खांण
१८. मा० श्री जुली कुमारी महतो (महासेठ)
१९. मा० श्री मुक्ता कुमारी यादव
२०. मा० श्री सुनिल कुमार शर्मा
२१. मा० श्री सिता मिजार

यसैबीच सम्माननीय सभामुखले शून्य र विशेष समयमा माननीय सदस्यहरुबाट उठाईएका सवालमा सदनमा जवाफ दिन सरकारलाई निर्देश गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गनुभयो ।

तत्पश्चात "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रमेश लेखक
२. मा० श्री सन्तोष परियार
३. मा० श्री राजेन्द्र कुमार के.सी.
४. मा० श्री बिराजभक्त श्रेष्ठ
५. मा० श्री हितराज पाण्डे
६. मा० श्री हरि ढकाल
७. मा० श्री प्रदिप पौडेल
८. मा० श्री अनिशा नेपाली
९. मा० श्री सञ्जय कुमार गौतम
१०. मा० श्री हेमराज राई
११. मा० श्री रुपा सो.सी चौधरी
१२. मा० श्री जुली कुमारी महतो (महासेठ)

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री रमेश लेखकले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ५० रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै आजको कार्यसुचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराउनुभयो ।

तदनन्तर अर्को बैठक २०७९ साल फागुन १५ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५.४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव